# श्री राम माध्यमिक विद्यालय

कोहलपुर-१४, हवल्दारपुर, बाँके

**सटर भाडामा दिने/लिने सम्बन्धी गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८३/०५/२९)

राम मा वि कोहलपुर १४ को स्वामित्वमा रहेका जग्गामा बनेका सटर बहालमा दिने/लिने सम्बन्धमा राम माध्यमिक विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०५/२२ गतेको निर्णय बमोजिम देहायका शर्तहरुको अधिनमा रही सटर भाडामा लगाउनुपर्ने भएकोले इच्छुक फर्म, व्यक्ति वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र आफुले कबोल गर्न चाहेको अङ्क सहित राम माविको प्रशासन शाखामा सम्पर्क राखि आउनुहुन यसै सुचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

| सि.नं. | किसिम | कर तथा शुल्क संकलन क्षेत्र | | प्रति सटर न्यूनतम मुल्य रु (भ्याट सहित) | | | | धरौटी रकम रु. | दरभाउपत्र फाराम दस्तुर रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सटर नं. | १,२,३,४,५,८,९,१० | ६ | ७ | ११,१२ | | | |
| १ | राम माविको स्वामित्वमा रहेका सटरहरु बहालमी दिने | राम माविको स्वामित्वमा रहेका जग्गामा बनेका | न्यूनतम दर रेट | ७००० | २०००० | ३००० | ५००० | कुल कबुल अङ्कको ३ महिनाले हुन आउने रकम | रु १००० | |

शर्तहरु :

१. इच्छुक दरभाउपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन (२०८३/०६/१२) गते सम्म विद्यालय समयभित्र अद्यावधिक नवीकरण गरेको इजाजतपत्र, स्थायी लेखा नम्बर (PAN दर्ता, र आ.व. २०८२/०८३ सम्मको करचुक्ता प्रमाणपत्र सहित पछि फिर्ता नहुने गरी रु १०००(एक हजार रुपैया मात्र) दस्तुर तिरेको सक्कलै नगदी रसिद पेश गरेपछि विद्यालय प्रशासनबाट दरभाउपत्र प्राप्त गर्न सकिनेछ ।

२. दरभाउपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको ४:०० बजेसम्म यस विद्यालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरिसक्नुपर्नेछ । यसरी दाखिला हुन आएका सिलबन्दी दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिनको भोलिपल्ट २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा विद्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. दरभाउपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नुपर्नेछ । अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

४. सटर बहालमा लगाउँदा सम्झौता भएको मिति देखि ५ बर्ष सम्मको लागि हुनेछ ।प्रत्येक २ वर्षमा १०% का दरले कबोल रकममा भाडा बृद्धि गरिनेछ ।

प्रधानाध्यापक
राम माध्यमिक विद्यालय
कोहलपुर-१४, बैजनाथपुर, बाँके

५. दरभाउपत्र स्वीकृत भई नियमानुसार सम्झौता भईसकेपश्चात कुनै किसिमको छुट, माफी वा मिनाहा दिईने छैन।

६. सम्झौता गर्दा मूल्य अभिवृद्धि कर सहितको कबोल अंकको ३ महिनाले हुन आउने रकम यस विद्यालयको नाममा कृषि विकास बैंकमा रहेको खाता नं. ०७२५०१३२१८५५०१२ मा नगद जम्मा गरेको सक्कलै भौचर धरौटी स्वरुप पेश गर्नुपर्ने छ ।

७. दरभाउपत्रदाताले कबोल गरेको रकम सम्झौता गर्दाका बखत एकमुष्ट बुझाएमा वार्षिक कबोल अङ्कमा १० प्रतिशत छुट प्रदान गरिनेछ ।

८. दरभाउपत्रमा न्यूनतम अङ्क भन्दा माथी कबोल गर्नुपर्नेछ। सबै भन्दा बढी कबोल गर्ने दरभाउपत्रदातालाई स्वीकृत गरिनेछ।

९. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

१०. दरभाउपत्रदाताले आफूले पेश गरेको कबोल अङ्क मूल्य अभिवृद्धि कर सहित वा बाहेक भन्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ । यदि उल्लेख नगरेमा मूल्य अभिवृद्धि कर बाहेकको मानिनेछ ।

११. रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारवाही गरिनेछैन ।

१२. ठेक्का सम्बन्धी कुनै विषय बुझ्नु परेमा कार्यालय समयभित्र विद्यालय प्रशासनमा सम्पर्क राख्न सकिनेछ ।

१३. सटर बहाल कबोल गरेको बहालवालाले विद्युत जडान , विद्युत महशुल र खानेपानीको व्यवस्था स्वयंले गर्नु पर्नेछ ।

१४. यस सूचनामा उल्लेख नभएका कुराहरु वि.व्य.स.द्धारा निर्णय गरी पास गरिएको घर जग्गा ,कोठा , सटर तथा टहरा बहालमा लगाउने सम्बन्धि कार्यविधि अनुसार हुनेछ ।